

# अर्थ

2018, JUN
Wednesday
20

बैंकले सय रुपैयाँ अंकित मूल्यमा २३३ रुपैयाँ प्रिमियम थप गरी ३३३ रुपैयाँ मूल्यमा १ करोड १४ लाख १५ हजार ९६३ कित्ता एफपीओ निष्कासन गरेको छ।


ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
कोहलपूर शाखाको ३५ दिने सार्वजनिक सूचना

बाजेको नाम थाहा नभएको, स्व. बक्सीरामको छोरा भारत, उतर प्रदेश, संजय गान्धी पोष्ट ग्रेजुएट इन्स्टीच्युट, रायबरेली रोड, लखनऊ बस्ने वर्ष ७४ को डा. वेद प्रकाश लखनपालको नाममा यस बैंकको कोहलपूर शाखामा खाता नं. ०५१५०००००८७१५२४ को बचत खाता रहेकोमा खातावाला डा. वेद प्रकाश लखनपालको मिति ई.सं. १३/०३/२०१८ मा स्वर्गवास भएको भनी भारत, उतर प्रदेश सरकार, संजय गान्धी पोष्ट ग्रेजुएट इन्स्टीच्युट, रायबरेली रोड, लखनउ भारतको मिति ई.सं. १४/०३/२०१८ को मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. डा. वेद प्रकाश लखनपालको भाई कालु भन्ने लेखराज शर्माले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको कोहलपूर शाखामा आफनो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएको छ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोको लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असार ६, जुन २०, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।१२ | १०९।७२ |
| युरो १ को रू. | १२६।०३ | १२६।७३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।५५ | १४४।३४ |
| स्विस फ्रन्क १ को रू. | १०९।५७ | ११०।१७ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।१९ | ८०।६३ |
| क्यानाडियन डलर १ को रू. | ८२।१३ | ८२।५८ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२६ | ८०।७० |
| जापानी यन १० को रू. | ९।९४ | ९।९९ |
| चिनियाँ युआन १ को रू. | १६।८४ | १६।९३ |
| साउदी अरब रियाल १ को रू. | २९।१० | २९।२६ |
| कतारी रियाल १ को रू. | २९।९७ | ३०।१३ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३२ | ३।३४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७१ | २९।८७ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२६ | २७।४१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७८ | ९।८३ |


#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १६।९२ |
| हङकङ डलर १ का रू. | १३।८२ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# १२ हजार ८ सय ट्रक आवश्यक

**नेपाल समाचारपत्र**
हेटौंडा




प्रयातायात व्यवस्था विभागले देशभरका यातायात सेवा चुस्तदुरुस्त बनाउने लक्ष्यसहित रुट अध्ययन गरेको छ। अध्ययनपश्चात् अब सोही आधारमा सवारीसाधन सञ्चालन गरिने छ।

योजनाअन्तर्गत् विभागले सहायक र राष्ट्रिय सडकको रुट अध्ययन गरेको छ। देशका सबै क्षेत्रका रोडको अध्ययन चालू आर्थिक वर्षभित्र सक्ने लक्ष्य छ। सरकारले रुट अध्ययनका लागि बजेट पारित गरेलगत्तै देशभरका साना तथा ठूला रोडको अध्ययन थालिएको थियो। सरकारले सडकको सम्पूर्ण विवरणका साथै ती सडकले ओगटेका भोगोलिक क्षेत्रमा बसोबास गर्ने जनसंख्याको आधारमा सवारीसाधन परिचालन गर्नेछ। अध्ययनपश्चात् सवारी साधनलाई प्रतिस्पर्धात्मक रूपमा रुट इजाजत दिइने छ।

योजनाअन्तर्गत विभाग रोडको अध्ययन गरी ती रोडमा कस्ता बस गुडाउँदा उपयुक्त हुन्छ, कस्तो रोड आवश्यक छ, कति संख्यामा सवारीसाधन आवश्यक पर्दछ जस्ता कुराको अनुसन्धान गर्दै अगाडि बढिरहेको छ।

अध्ययनपछि पाँच वटा प्रदेशको सडकको स्थिति, राजमार्ग सहायक राजमार्गको संख्या, आवश्यक सवारी साधन र यात्रु संख्या सार्वजनिक गरिएको छ। अध्ययनले कुन रुटमा कति सवारी आवश्यकता छ र यात्रु कति छन् भन्नेमा केन्द्रित रहेको जनाइएको छ।

यातायात व्यवस्था विभागले अध्ययन सकेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रतिवेदन बुझाउने तयारी गरेको छ। विभागले पाँच वटा प्रदेशका ६२ वटा राजमार्ग र सहायक सडक रुटको अध्ययन गरेको थियो। अध्ययनमा उल्लेख भएअनुसार पाँच वटा प्रदेशमध्ये प्रदेश-३ मा सबभन्दा धेरै रुट सञ्चालनमा छ।

विभागले प्रदेश-१, २, ३, ४ र ५ को रुट अध्ययन गरेको हो। विभागले गरेको रुट अध्ययनमा हाल तत्कालको अवस्थामा आवश्यक सवारी संख्या, सवारीको किसिम र यात्रुको आगमन हुनसक्ने संख्या तय गरेको छ। अध्ययनमा ५, १० र १५ वर्षपछिका लागि आवश्यक सवारी, सवारीको किसिम र यात्रु संख्या पनि अनुमान गरिएको छ।

अध्ययनअनुसार प्रदेश-३ मा तत्कालको अवस्थामा १२ हजार आठ सय पाँच वटा ट्रक, ५ हजार नौ सय ९६ बस, ७ हजार ३ सय ५३ माइक्रो र २ हजार ९ सय ९७ वटा जिप आवश्यक पर्नेछ।

विभागको अध्ययनले सबभन्दा धेरै प्रदेश-३ मा रुट रहेको देखाएको छ। प्रदेश-३ मा २६ वटा राजमार्ग तथा सहायक सडक पहिचान गरिएको छ। यसमा १५ वटा राजमार्ग र ११ वटा सहायक सडक पहिचान भएको छ।

अध्ययनमा सडकको घुम्ती, चौडाईं, चालकले देख्नसक्ने दुरी र मौसमअनुसार चल्नसक्ने सवारी गरी तीन समूहमा वर्गीकरण गरी रुट अध्ययन गरिएको छ। सबै प्रकारका सवारी चल्ने रुटलाई 'ए' हल्का सवरी चल्नसक्ने सडकलाई 'बी' र जिप र चौडाईं साना भएका सवारी चलाउन मिल्ने सडकलाई 'सी' समूहमा वर्गीकरण गरिएको छ।

## सेञ्चुरी कमर्सियल बैंकको तीन शाखा थप



काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले आफ्नो बैंकिङ पहुँच पुर्‍याउने उद्देश्यसहित विभिन्न स्थानमा आफ्नो शाखा कार्यालय विस्तार गर्दै जाने क्रममा सुनसरी जिल्लाको चतरा र झुम्कामा, मोरङ जिल्लाको रङ्गेली र झापा जिल्लाको चन्द्रागढीमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ।

उक्त शाखा कार्यालयको उद्घाटन बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठले गर्नुभएको छ। उद्घाटन समारोहमा बैंकका सञ्चालक प्रमुख कार्यकारी अधिकृत तुलसीराम गौतम, स्थानीय जनप्रतिनिधि, स्थानीय व्यवसायी तथा बैंकका अन्य वरिष्ठ पदाधिकारीको पनि उपस्थिति थियो।

## एभरेष्ट बैंकद्वारा सहयोग




काठमाडौं, (नेस)

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत एभरेष्ट बैंकले सतुंगलस्थित विष्णुदेवी शिक्षा सदनलाई शैक्षिक सामग्री वितरण गरेको छ। विद्यालय परिसरमा आयोजित उक्त कार्यक्रममा पन्जाब नेशनल बैंकका कार्यकारी निर्देशक एलबी प्रभाकरले शैक्षिक सामग्री विद्यार्थीलाई वितरण गर्नु भएको थियो।

उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठलगायतको उपस्थिति थियो। बैंकका ग्राहक संख्या साढे नौ लाखभन्दा बढी रहेको छनु भने बैंकले हाल आफ्ना ८० वटा शाखा, ७ एक्सटेन्सन काउन्टर, २८ राजस्व संकलन काउन्टर र ११३ एटीएममार्फत् सेवाहरू प्रदान गर्दै आएको छ।



लमजुङमा सवारीसाधन चलाउन सकिने नेपालको पहिलो र एकमात्र सञ्चालनमा रहेको शुरुङमार्ग। सो शुरुङमार्ग ५० मेगावाट विद्युत् उत्पादन हुने माथिल्लो मर्स्याङ्दी जलविद्युत् आयोजना निर्माणकर्ता पावर चाइनाले स्थानीय बुलबुलेबासीको सहजताको लागि निर्माण गरेको हो। *तस्वीर : अनिल आङदेम्बे*

## SHARE MARKET

**19 JUNE TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3309.00 | 322.00 | 316.00 | 316.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 1017.00 | 313.00 | 301.00 | 307.00 | 0.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 20.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 562.00 | 296.00 | 285.00 | 286.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2025.00 | 162.00 | 160.00 | 162.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 355.00 | 680.00 | 680.00 | 680.00 | -10.00 |
| 7 | Bank of Kathmandu Ltd. | 10548.00 | 319.00 | 310.00 | 310.00 | -7.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 122.00 | 156.00 | 150.00 | 156.00 | 3.00 |
| 9 | Best Finance Company Ltd. | 10.00 | 124.00 | 124.00 | 124.00 | -2.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 10.00 | 130.00 | 130.00 | 130.00 | -2.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 20.00 | 5802.00 | 5800.00 | 5800.00 | -120.00 |
| 12 | Butwal Power Company Limited | 3815.00 | 450.00 | 435.00 | 443.00 | 1.00 |
| 13 | Central Finance Co. Ltd. | 50.00 | 114.00 | 114.00 | 114.00 | -2.00 |
| 14 | Century Commercial Bank Ltd. | 14387.00 | 170.00 | 166.00 | 167.00 | -3.00 |
| 15 | Century Comm.Bank Ltd. Pro. Share | 19906.00 | 173.00 | 173.00 | 173.00 | -3.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 80.00 | 910.00 | 900.00 | 900.00 | -10.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 74.00 | 148.00 | 146.00 | 147.00 | -4.00 |
| 18 | Chilime Hydropower Company Limited | 7186.00 | 770.00 | 758.00 | 770.00 | 2.00 |
| 19 | Citizen Bank International Limited | 1957.00 | 245.00 | 240.00 | 240.00 | -5.00 |
| 20 | Citizen Investment Trust | 355.00 | 2550.00 | 2517.00 | 2517.00 | -68.00 |
| 21 | Citizens Mutual Fund -1 | 100.00 | 9.36 | 9.36 | 9.36 | -0.06 |
| 22 | Civil Bank Ltd | 15249.00 | 153.00 | 150.00 | 151.00 | -1.00 |
| 23 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 80.00 | 769.00 | 758.00 | 758.00 | -15.00 |
| 24 | Corporate Development Bank Limited | 100.00 | 112.00 | 110.00 | 110.00 | -4.00 |
| 25 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 757.00 | 765.00 | 750.00 | 751.00 | -26.00 |
| 26 | Deva Bikas Bank Limited | 2223.00 | 133.00 | 132.00 | 132.00 | -3.00 |
| 27 | Dibyashwori Hydropower Ltd. | 275.00 | 111.00 | 109.00 | 110.00 | -3.00 |
| 28 | Everest Bank Limited | 8253.00 | 687.00 | 670.00 | 672.00 | -4.00 |
| 29 | Everest Bank Limited Con. Pref. | 23.00 | 601.00 | 591.00 | 601.00 | 21.00 |
| 30 | Everest Insurance Co. Ltd. | 70.00 | 1388.00 | 1385.00 | 1385.00 | 20.00 |
| 31 | Excel Development Bank Ltd. | 114.00 | 317.00 | 317.00 | 317.00 | -6.00 |
| 32 | First Micro Finance Dev. Bank Ltd. | 1749.00 | 561.00 | 553.00 | 555.00 | -10.00 |
| 33 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 173.00 | 2317.00 | 2240.00 | 2250.00 | -29.00 |
| 34 | Gandaki Bikas Bank Limited | 1416.00 | 195.00 | 191.00 | 193.00 | -1.00 |
| 35 | Garima Bikas Bank Limited | 2084.00 | 183.00 | 177.00 | 180.00 | -6.00 |
| 36 | Global IME Bank Limited | 12431.00 | 298.00 | 286.00 | 290.00 | -6.00 |
| 37 | Global IME Bank Ltd. Pro. Share | 501.00 | 176.00 | 176.00 | 176.00 | 0.00 |
| 38 | Global IME Lag. Bittiya Sanstha Ltd. | 30.00 | 1205.00 | 1181.00 | 1181.00 | -7.00 |
| 39 | Goodwill Finance Co. Ltd. | 75.00 | 122.00 | 120.00 | 120.00 | -2.00 |
| 40 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 12890.00 | 651.00 | 625.00 | 628.00 | -9.00 |
| 41 | Green Development Bank Ltd. | 30.00 | 140.00 | 140.00 | 140.00 | -1.00 |
| 42 | Gurans Life Insurance Company Ltd. | 1499.00 | 900.00 | 875.00 | 900.00 | 0.00 |
| 43 | Gurkhas Finance Ltd. | 500.00 | 109.00 | 109.00 | 109.00 | -2.00 |
| 44 | Hamro Bikas Bank Ltd. | 250.00 | 134.00 | 134.00 | 134.00 | -2.00 |
| 45 | Hathway Finance Company Limited | 150.00 | 134.00 | 130.00 | 134.00 | 5.00 |
| 46 | Himalayan Bank Limited | 2093.00 | 566.00 | 545.00 | 566.00 | 13.00 |
| 47 | Himalayan Distillery Limited | 90.00 | 1291.00 | 1270.00 | 1270.00 | -47.00 |
| 48 | Himalayan General Insurance Co. Ltd | 3952.00 | 463.00 | 452.00 | 452.00 | -13.00 |
| 49 | Himalayan Power Partner Ltd. | 1940.00 | 306.00 | 297.00 | 306.00 | 0.00 |
| 50 | ICFC Finance Limited | 1674.00 | 179.00 | 173.00 | 173.00 | -3.00 |
| 51 | IME General Insurance Ltd. | 55.00 | 896.00 | 895.00 | 895.00 | -19.00 |
| 52 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5394.00 | 158.00 | 154.00 | 157.00 | -1.00 |
| 53 | Janata Bank Nepal Ltd. | 7668.00 | 155.00 | 153.00 | 153.00 | -5.00 |
| 54 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 270.00 | 2955.00 | 2907.00 | 2945.00 | -16.00 |
| 55 | Jyoti Bikas Bank Limited | 3015.00 | 139.00 | 136.00 | 137.00 | -1.00 |
| 56 | Kabeli Bikas Bank Limited | 105.00 | 222.00 | 222.00 | 222.00 | -4.00 |
| 57 | Kailash Bikas Bank Ltd. | 3200.00 | 226.00 | 222.00 | 222.00 | -6.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 1685.00 | 155.00 | 153.00 | 154.00 | -2.00 |
| 59 | Kanchan Development Bank Limited | 1673.00 | 183.00 | 180.00 | 183.00 | 5.00 |
| 60 | Kankai Bikas Bank Ltd. | 311.00 | 126.00 | 125.00 | 125.00 | -2.00 |
| 61 | Karnali Development Bank Limited | 44.00 | 112.00 | 110.00 | 112.00 | 1.00 |
| 62 | Khanikhola Hydropower Co. Ltd. | 278.00 | 116.00 | 112.00 | 116.00 | 6.00 |
| 63 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 184.00 | 1683.00 | 1650.00 | 1656.00 | -44.00 |
| 64 | Kumari Bank Limited | 5485.00 | 212.00 | 209.00 | 211.00 | -2.00 |
| 65 | Laxmi Bank Limited | 4231.00 | 267.00 | 258.00 | 260.00 | -3.00 |
| 66 | Laxmi Equity Fund | 1000.00 | 8.14 | 8.14 | 8.14 | -0.16 |
| 67 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 147.00 | 1131.00 | 1108.00 | 1108.00 | -42.00 |
| 68 | Laxmi Value Fund-1 | 5000.00 | 10.35 | 10.35 | 10.35 | -0.05 |
| 69 | Life Insurance Co. Nepal | 249.00 | 1611.00 | 1610.00 | 1610.00 | -32.00 |
| 70 | Lumbini Bikas Bank Ltd. | 4221.00 | 148.00 | 146.00 | 146.00 | -2.00 |
| 71 | Lumbini General Insurance Co. Ltd. | 3158.00 | 570.00 | 555.00 | 557.00 | -13.00 |
| 72 | Machhapuchhre Bank Limited | 7667.00 | 215.00 | 210.00 | 213.00 | 1.00 |
| 73 | Mahalaxmi Bikas Bank Ltd. | 4660.00 | 167.00 | 165.00 | 167.00 | 0.00 |
| 74 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 11.00 | 726.00 | 726.00 | 726.00 | -14.00 |
| 75 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 725.00 | 2760.00 | 2700.00 | 2720.00 | -30.00 |
| 76 | Mega Bank Nepal Ltd. | 19307.00 | 182.00 | 179.00 | 181.00 | 1.00 |
| 77 | Mero Microfinance Bittiya Sanstha Ltd. | 370.00 | 1080.00 | 1061.00 | 1070.00 | -10.00 |
| 78 | Mirmire Microfinance Dev. Bank Ltd. | 200.00 | 1660.00 | 1630.00 | 1645.00 | 14.00 |
| 79 | Miteri Development Bank Limited | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 80 | Mithila LaghuBitta Bikas Bank Ltd. | 160.00 | 1010.00 | 990.00 | 990.00 | -40.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 1049.00 | 382.00 | 380.00 | 382.00 | 0.00 |
| 82 | Nabil Bank Limited | 1365.00 | 944.00 | 940.00 | 941.00 | -2.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 4549.00 | 751.00 | 741.00 | 741.00 | -8.00 |
| 84 | NagBeli Lag. Bikas Bank Ltd. Pro. Share | 4660.00 | 1300.00 | 1300.00 | 1300.00 | 0.00 |
| 85 | National Hydro Power Company Limited | 4650.00 | 86.00 | 85.00 | 86.00 | 1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 1636.00 | 1251.00 | 1240.00 | 1250.00 | -23.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 14.00 | 2270.00 | 2270.00 | 2270.00 | -30.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 40.00 | 2050.00 | 1998.00 | 1998.00 | -81.00 |
| 89 | Neco Insurance Co. Ltd. | 780.00 | 579.00 | 566.00 | 579.00 | -5.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 9416.00 | 214.00 | 212.00 | 212.00 | -2.00 |
| 91 | Nepal Bank Limited | 89339.00 | 303.00 | 297.00 | 303.00 | 5.00 |
| 92 | Nepal Community Dev. Bank Ltd. | 26.00 | 122.00 | 121.00 | 122.00 | 0.00 |
| 93 | Nepal Credit And Comm. Bank Limited | 5762.00 | 248.00 | 240.00 | 244.00 | -6.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 4895.00 | 735.00 | 725.00 | 730.00 | 0.00 |
| 95 | Nepal Hydro Developers Ltd. | 2620.00 | 262.00 | 240.00 | 244.00 | 4.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 220.00 | 660.00 | 655.00 | 655.00 | -6.00 |
| 97 | Nepal Investment Bank Limited | 6272.00 | 625.00 | 621.00 | 622.00 | -3.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 1060.00 | 559.00 | 554.00 | 559.00 | -1.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 5671.00 | 1015.00 | 1006.00 | 1007.00 | -7.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. Promoter | 4000.00 | 757.00 | 757.00 | 757.00 | 0.00 |
| 101 | Nepal SBI Bank Limited | 2623.00 | 504.00 | 499.00 | 500.00 | -5.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 200.00 | 677.00 | 664.00 | 664.00 | 0.00 |
| 103 | Ngadi Group Power Ltd. | 154.00 | 180.00 | 174.00 | 174.00 | -3.00 |
| 104 | NIBL Pragati Fund | 707.00 | 8.00 | 8.00 | 8.00 | -0.16 |
| 105 | NIBL Samriddhi Fund 1 | 11433.00 | 10.60 | 10.55 | 10.60 | 0.08 |
| 106 | NIC Asia Bank Ltd. | 83801.00 | 320.00 | 313.00 | 318.00 | 0.00 |
| 107 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 10.00 | 1116.00 | 1116.00 | 1116.00 | 6.00 |
| 108 | NLG Insurance Company Ltd. | 428.00 | 900.00 | 890.00 | 890.00 | -25.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 378.00 | 1450.00 | 1411.00 | 1425.00 | 0.00 |
| 110 | NMB Bank Limited | 20717.00 | 357.00 | 349.00 | 350.00 | -1.00 |
| 111 | NMB Hybrid Fund L-1 | 624.00 | 9.10 | 9.10 | 9.10 | -0.11 |
| 112 | Om Development Bank Ltd. | 2876.00 | 180.00 | 177.00 | 180.00 | 0.00 |
| 113 | Oriental Hotels Limited | 74.00 | 522.00 | 520.00 | 520.00 | -9.00 |
| 114 | Pokhara Finance Ltd. | 636.00 | 137.00 | 134.00 | 134.00 | 1.00 |
| 115 | Prabhu Bank Limited | 5598.00 | 195.00 | 192.00 | 192.00 | -2.00 |
| 116 | Prabhu Insurance Ltd. | 1333.00 | 521.00 | 510.00 | 520.00 | -9.00 |
| 117 | Premier Insurance Co. Ltd. | 2224.00 | 1188.00 | 1170.00 | 1171.00 | -29.00 |
| 118 | Prime Commercial Bank Ltd. | 5601.00 | 292.00 | 290.00 | 291.00 | -2.00 |
| 119 | Prime Life Insurance Company Limited | 3309.00 | 595.00 | 571.00 | 580.00 | -17.00 |
| 120 | ProgressiveFinance Limited | 550.00 | 153.00 | 150.00 | 150.00 | -6.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 2393.00 | 790.00 | 782.00 | 782.00 | -8.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 370.00 | 179.00 | 176.00 | 176.00 | -4.00 |
| 123 | Radhi Bidyut Company Ltd | 1830.00 | 257.00 | 243.00 | 250.00 | -12.00 |
| 124 | Rastriya Beema Company Limited | 217.00 | 11526.00 | 11170.00 | 11170.00 | -180.00 |
| 125 | Rastriya Beema Company Ltd. Pro. Share | 170.00 | 10110.00 | 10075.00 | 10075.00 | -225.00 |
| 126 | Reliance Finance Ltd. | 1993.00 | 124.00 | 120.00 | 122.00 | 2.00 |
| 127 | Ridi Hydropower Dev. Company Ltd. | 204.00 | 125.00 | 123.00 | 124.00 | 0.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 655.00 | 561.00 | 549.00 | 550.00 | 0.00 |
| 129 | Rural Microfinance Dev. Centre Ltd. | 290.00 | 680.00 | 670.00 | 670.00 | -5.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 191.00 | 1326.00 | 1323.00 | 1326.00 | -24.00 |
| 131 | Samata Microfinance Bittiya Sanstha Ltd. | 740.00 | 2159.00 | 2002.00 | 2159.00 | 196.00 |
| 132 | Sana Kisan Bikas Bank Ltd | 1394.00 | 1189.00 | 1165.00 | 1170.00 | -10.00 |
| 133 | Sanima Bank Limited | 7389.00 | 335.00 | 326.00 | 335.00 | 4.00 |
| 134 | Sanima Equity Fund | 25000.00 | 9.47 | 9.28 | 9.47 | 0.37 |
| 135 | Sanima Mai Hydropower Ltd. | 3438.00 | 339.00 | 335.00 | 338.00 | -5.00 |
| 136 | Shangrila Development Bank Ltd. | 1753.00 | 155.00 | 153.00 | 153.00 | -2.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 482.00 | 990.00 | 980.00 | 981.00 | -16.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 414.00 | 284.00 | 280.00 | 280.00 | -5.00 |
| 139 | Shree Investment Finance Co. Ltd. | 528.00 | 165.00 | 163.00 | 163.00 | 0.00 |
| 140 | Shrijana Finance (Bittaya Sanstha) | 359.00 | 241.00 | 235.00 | 235.00 | -10.00 |
| 141 | Siddhartha Bank Limited | 7328.00 | 310.00 | 306.00 | 307.00 | -5.00 |
| 142 | Siddhartha Equity Fund | 2500.00 | 8.80 | 8.80 | 8.80 | -0.10 |

Total Amount Rs. 208,486,155 Total Quantity 587,558 Total No of Transactions 3,014

गृहले खानी विभाग, घरेलु तथा साना उद्योग कार्यालयलगायत स्थानीय तहले अनुमति दिए अनुसार मापदण्ड पुगेको वा नपुगेको सम्बन्धमा शुक्रबारभित्र विवरण पठाउन सर्कुलर गरिएको हो।

# शेयर आवेदनको सीमा हट्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल धितोपत्र बोर्डले शेयर आवेदनमा नयाँ नियम ल्याएको छ। बोर्डले मंगलबार धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को संशोधन गरी संस्थागत लगानीकर्ताका लागि शेयर आवेदनको अधिकतम् सीमा हटाएको हो।

मंगलबार बोर्डले विज्ञप्ती जारी गर्दै धितोपत्रको सार्वजनिक निष्काशनको खरिदका लागि दरखास्त दिन सकिने अधिकतम् सीमा विवरणपत्रमा उल्लेख भए बमोजिम हुने उल्लेख गरेको छ।

यसैगरी प्रिमियम मूल्य सहित जारी गरिएको शेयर भएमा वा विवरणपत्रमा सर्वसाधारणलाई निष्काशन गरिएको समयावधिभित्र सम्पूर्ण शेयर बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानुन बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्ने बोर्डले विज्ञप्तिमा उल्लेख छ।

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा धितोपत्रको लागि आवेदन गर्न सक्ने अधिकतम् सीमा शून्य दशमलव पाँच प्रतिशत हुनुपर्ने व्यवस्था व्यवहारिक नभएको भन्ने गुनासो प्राप्त भएपछि उक्त व्यवस्था संशोधन गरिएको बोर्डले जनाएको छ। यसैबीच एनएमबी बैंकको एफपीओको शेयर आवेदन दिनका लागि तोकिएको अधिकतम् सीमा हटाइएको छ। एफपीओ किन्नका लागि अधिकतम सीमा ५७ हजार ७० कित्ता कायम गरिएकोमा नेपाल धितोपत्र बोर्डले सहमति दिएपछि उक्त सीमा हटाइएको हो।

एफपीओमा आवेदन दिनका लागि तोकिएको ५७ हजार ७० कित्ताको सीमा हटाएर जति कित्ता पनि आवेदन दिन मिल्ने गरी धितोपत्र बोर्डले एनएमबी बैंकको बिक्री प्रबन्धकलाई स्वीकृति दिएको हो।

आइतबारसम्म एफपीओ बिक्री नभएपछि सोमबारदेखि संस्थागत लगानीकर्तालाई एफपीओ बिक्री खुला गरिएको थियो। अझै पनि बैंकको एफपीओ बिक्री हुन धेरै कित्ता रहेको हुनाले बिक्री प्रबन्धकले सम्पूर्ण शेयर खरिद गराउनका निम्ति धितोपत्र बोर्डसँग माग गर्दै आएका थिए। संस्थागत लगानीकर्ताहरू कर्मचारी सञ्चय कोष, नेसनल लाइफ इन्स्योरेन्स र अन्य निर्जीवन बीमा कम्पनीले अधिकतम् ५७ हजार ७० कित्ताबाट बढाउन माग गरेको बताइएको थियो। बैंकले सय रुपियाँ अंकित मूल्यमा २३३ रुपियाँ प्रिमियम थप गरी ३३३ रुपियाँ मूल्यमा १ करोड १४ लाख १५ हजार १६३ कित्ता एफपीओ निष्कासन गरेको छ।

## हाटबजार बन्द गर्ने तयारी

विराटनगर, (नेस)

विराटनगर महानगरपालिकाभित्रका साप्ताहिक हाटबजार साउन महिनादेखि बन्द गर्ने महानगरपालिकाले तयारी गरेको छ। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र प्रमुख प्रशासकीय अधिकृतले यस्तो बताउनु भएको हो।

महानगरपालिका भित्रका फुटपाथ र हाटबजारलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर आयोजित कार्यक्रममा बोल्दै विराटनगरको सौन्दर्यता कायम राख्न अब महानगरपालिकाले हाटबजारलाई बन्द गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत कुमार दाहालले बताउनुभयो। उहाँले यही आर्थिक वर्षदेखि हाटबजार कर शिर्षक पनि हटाएको बताउदै अटेर गरेर फुटपाथ र हाटबजार लगाउनेलाई बल प्रयोग गरेर भए पनि हटाउने चेतावनी दिनुभयो।

उहाँले भन्नुभयो-'साप्ताहिक रूपमा लाग्ने हाटबजारबाट धेरै फोहोर भइरहेको छ, त्यसैले व्यवस्थित शहरका लागि हाटबजार हटाउन जरुरी छ। हाटबजारका लागि निश्चित एरिया व्यवस्थापन गर्ने नगरले तयारी पनि गरेको छ। नगर प्रमुख पराजुलीले सबैलाई सहज हुने गरी चाँडै हाटबजारका लागि ठाँउको निर्धारण गरिने पनि जानकारी दिनुभयो।

कार्यक्रममा बोल्दै उपभोक्तावादी संस्था पब्लिक फोरमका अध्यक्ष उत्तम ढुंगेल, टोल संगठन नगर समन्वय समितिका अध्यक्ष राजेश मास्के, वेस्ट मेनेजमेन्ट ग्रुप प्रालिका संयोजक देवी प्रसाद आचार्यले फुटपाथले आवागमनमा समस्या रहेको र बाटोमा हाटबजार लगाउनाले दुर्घटना बढ्ने सम्भावना रहेको तथा हाटबजारबाट निस्केको फोहरले बजार नै फोहर देखिएको बताउनु भएको थियो।

विराटनगरमा लामो समयदेखि स्थानीय गुद्रीमा तरकारी तथा फफुलको बिक्री हुँदै आएको छ। मुख्य भागमा तरकारीको खरिदबिक्री हुँदा फोहोर मैला बढने गरेको छ। विराटनगरको तरकारीको बजार व्यवस्थापनका लागि भने महानगर नजिकै कटहरी गाउँपालिकाकामा १३ करोडको लगानीमा तरकारी बजार बनिरहेको छ। त्यो साउनदेखि सन्चालनमा ल्याउने महानगरको तयारी छ।

## बालुवा र क्रसर व्यवसायीलाई डन्डा चलाउने तयारी

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री रामबहादुर थापा र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले बालुवा र क्रसर व्यवसायीलाई डन्डा चलाउने तयारी गरेका छन्। प्राकृतिक स्रोतको दोहन गरेको भन्दै उनीहरूमाथि कारबाहीको तयारी गरेका हुन् ।

दुवै मन्त्रीले नदीजन्य तथा प्राकृतिक स्रोतको अनाधिकृत रूपमा उपयोग गर्नेमाथि कारबाही चलाउन सहमत भएका छन्। त्यसकै आधारमा गृह मन्त्रालयले धादिङ, नुवाकोट, गोरखा, सिन्धुपाल्चोक, काभ्रेपालान्चोकलगायतका प्रमुख जिल्ला अधिकारीलाई बालुवाखानी तथा त्यसका सञ्चालकको बारेमा जानकारी गराउन तथा कारबाहीका के गर्न सकिन्छ भन्ने बारेमा स्पष्ट प्रतिवेदन निर्देशन दिएको छ।

गृहले खानी विभाग, घरेलु तथा साना उद्योग कार्यालयलगायत स्थानीय तहले अनुमति दिए अनुसार मापदण्ड पुगेको वा नपुगेको सम्बन्धमा शुक्रबारभित्र विवरण पठाउन सर्कुलर गरिएको हो।

प्राकृतिक स्रोत तथा साधन व्यक्तिगत हितमा प्रयोग गरिँदा देशमा मरुभूमिकरणको सम्भवना बढ्दै गएको, पहाडमा पहिरो र तराईमा बाढीका कारण खेतीयोग्य जमिनसमेत खण्डहर बन्दै गएको, पानीको मुहना तथा स्रोत सुकेको जस्ता समस्या देखिएपछि सरकार कारबाहीमा उत्रिएको हो।

राजनीतिक नेतृत्वको आडमा डन तथा चुल्ठे मुन्द्रेको समेत बालुवाखानी र क्रसरमा लगानी रहेको छ। धादिङ र नुवाकोट तथा काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लाका बालुवाखानी तथा क्रसर व्यवसायीलाई कारबाहीको पहिलो चरणमा राखिएको छ। ती बालुवाखानी तथा क्रसर व्यवसायीले सरकारको नीति नियम तथा कानुनको समेत धज्जी उडाएका छन्। पछिल्लो दिनमा बूढीगण्डकीको बालुवासमेत व्यापक तस्करी भइरहेको छ।

## मेगा बैंकका...

त्यस्तै मातृभूमि विकास बैंक तथा कालिञ्चोक डेभलपमेन्ट बैंकलाई एक्वायर गरेको टुरिजमले १८ दशमलव ६ प्रतिशत बोनसपछि शतप्रतिशत हकप्रद जारी गरेर मात्र मर्जरको प्रक्रियालाई अघि बढाउने सम्झौता भएको थियो। २०७३ माघ ६ गतेको मर्जर सम्झौताअनुसार मेगा बैंक र टुरिजम डेभलपमेन्ट बैंकको स्वाप रेसियो मेगाको हकमा १ सय ८७ दशमलव २५ र टुरिजमको हकमा २ सय ७ हुने देखिन्छ।

सम्झौतामा ९५ प्रतिशत स्वाप रेसियो कायम गर्नुमा मेगा बैंकका केही सञ्चालकको टुरिजममा ठूलो मात्रामा शेयर भएकाले उनीहरूले टुरिजम बैंकको शेयरलाई बास्तविक मूल्यभन्दा बढी मूल्य दिइएको बुझिएको छ। टुरिजम डेभलपमेन्टको शेयर मूल्य महँगो कायम गरी ठूलो हिस्सा शेयर आफन्तको नाममा खरिद गरेको बैंकसम्बद्ध स्रोतले जनाएको छ। मेगा बैंकको शेयर मूल्य बढी रहेको र मर्जरमा गएपछि अहिले न्यून मूल्यमा किनेको शेयरको मूल्य बढ्ने भएकाले मेगाका सञ्चालकले टुरिजमको ठूलो हिस्सा शेयर आफ्ना मान्छेको नाममा लिएको स्रोतको दाबी छ।

लगानीकर्ता भने सञ्चालक समितिका केही सदस्यले आफ्नो स्वार्थका लागि बैंकलाई नै धरापमा पारेको आरोप लगाउँछन्। टुरिजम डेभलपमेन्ट बैंक खरिद गर्ने हैसियत भएको मेगाले मर्जरमा जानुमा ठूलो चलखेल रहेको शेयरधनीको दाबी छ।

मेगा बैंकका सञ्चालकहरूको असक्षमताका कारण बैंकका साधारण लगानीकर्ताहरू धितोपत्र बजारमा पीडित बन्न पुगेका छन्। बैंक सञ्चालनमा आएको करिब आधा समयसम्म धितोपत्र बजारमा मेगा बैंकको शेयर कारोबार रोकिन पुगेको छ।

२०७० साल साउन महिनाको २५ गते बैंकको पहिलोपटक नेप्सेमा कारोबार सञ्चालनमा ल्याएको थियो। पश्चिामाञ्चल डेभलपमेन्ट बैंकसँगको मर्जरका कारण बैंकको शेयर कारोबार २०७१ साल माघ १५ गतेदेखि रोकिएर २०७३ साल जेठ १६ गतेसम्म (१६ महिनापछि) कारोबार सञ्चालनमा आएको थियो। पछिल्लो पटक मेगा र टुरिजम डेलपमेन्ट बैंकबीचको मर्जर प्रक्रियाका नेप्सेमा २०७३ माघ ६ गतेदेखि २०७५ जेठ १४ गतेसम्म ४९१ दिन कारोबार रोकिएको थियो। नेपालको बैंकिङ क्षेत्रमा मर्जरकै कारण यति लामो समयसम्म धितोपत्र बजारमा कारोबार रोकिएको मेगाकै सम्भवत पहिलो घटना हो। केही सञ्चालकहरू निहित स्वार्थका कारण हजारौं लगानीकर्ता पीडित बन्न पुगेका छन्।

साना-साना लगानीकर्तालाई समेटेर बैंक खडा गरिएको तथा अधिकांश छिमेकी र राजनीतिकरूपले नजिक भएका कारण मेगा बैंकमा भएको मनोमानीविरुद्ध खुलेर बोल्न हच्किने गरेको लगानीकर्ताको भनाइ छ।

सञ्चालकहरूको अकर्मन्यताका कारण धितोपत्र बजारमा करिब चार वर्ष कारोबार रकिँदा सयौं लगानीकर्ताको पुँजी फ्रिज भएको छ। शेयर लगानीलाई चल सम्पत्तिको रूपमा प्रयोग गर्ने लगानीकर्तालाई चार वर्ष जति कारोबार रिकँदा मेगा बैंकको शेयर 'सिमलको काठ' (हेर्दा काठ ठूलो देखिन्छ तर त्यसको झ्याल, ढोका नबन्ने)जस्तै भएको लगानीकर्ताको गुनासो छ।

कुनै बेला ६ सय रुपियाँको हाराहारीमा पुगेको मेगा बैंकको शेयर मूल्य अहिले १७९ रुपियाँमा सीमित रहेको छ। 'हलोदेखि हाइड्रो' भन्ने नारा दिए पनि बैंकिङ पृष्ठभूमि नभएका व्यक्ति सञ्चालक हुँदा बैंकले पर्फमेन्स कमजोर देखिएको छ। पछिल्लो पटक बैंकलाई आफ्नो कब्जामा राख्न केही सञ्चालक लागिपरेका छन्। आगामी असार २९ गते हुने साधारणसभालाई केन्द्रित भएर बैंकका अध्यक्ष भोजबहादुर शाह, सञ्चालकद्वय गोपाल खनाल र मदन आचार्यको चलखेल तीव्र रहेको छ। १२ सयभन्दा बढी संस्थापक शेयर सदस्य रहेको बैंकमा साधारणसभामा सबै शेयरधनी उपस्थिति नहुने र बैंकलाई आफ्नो कब्जामा राखी राख्न अहिलेदेखि नै प्रोक्सी लिने काम भइ रहेको छ।

राजनीतिक रूपले निकट र गाउँले छिमकी रहेका शेयरधनीलाई हस्ताक्षँर गराउने र प्रोक्सी लिन समूह नै लागेको छ। बैंक बैंकमा भएको अनियमिता र अपारदर्शी गतिविधिका बारेमा सम्पर्क गर्न खोज्दा बैंकका अध्यक्ष भोजबहादुर शाहसँग सम्पर्क हुन सकेन भने बैंकका कम्पनी सचिव तुलसी पोखरेल संग प्रश्न गर्दा झोकिँदै प्रवक्तालाई सोध्नुहोस भनेर फोन राखे।

